बैठक संख्याः १५।२०८१
बैठक मितिः २०८१।९।११ गते, समयः बिहान ८:०० बजे
स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।९।११ गते बिहिबार बिहान ८:०० बजे पाखीवास नगरपालिकाका नगर प्रमुख श्री ज्ञान बहादुर गुरुङज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री ज्ञान बहादुर गुरुङ | नगर प्रमुख | | |
| २ | श्री नम्रता गौतम | नगर उप-प्रमुख | | |
| ३ | श्री भोगेन्द्र पाण्डे | वडा अध्यक्ष | १ | |
| ४ | श्री चुडामणि पुलामी | वडा अध्यक्ष | २ | |
| ५ | श्री सरोज राई | वडा अध्यक्ष | ३ | |
| ६ | श्री सन्तोष मानन्धर | वडा अध्यक्ष | ४ | |
| ७ | श्री महेश राई | वडा अध्यक्ष | ५ | |
| ८ | श्री देवेन्द्र गुरागाई | वडा अध्यक्ष | ६ | |
| ९ | श्री देवेन्द्र बहादुर तामाङ | वडा अध्यक्ष | ७ | |
| १० | श्री गजेन्द्र बहादुर राई | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सम्झना आले | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी बहादुर खत्री | वडा अध्यक्ष | १० | |
| १३ | श्री इन्द्र कुमार राई | कार्यपालिका सदस्य | ७ | |
| १४ | श्री विष्णु माया विश्वकर्मा | कार्यपालिका सदस्य | २ | |
| १५ | श्री रुप बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| १६ | श्री तारा देवी ढकाल (धमला) | कार्यपालिका सदस्य | ९ | |
| १७ | श्री सवीता कार्की | कार्यपालिका सदस्य | ७ | |
| १८ | श्री सीता देवी बस्नेत | कार्यपालिका सदस्य | ३ | |
| १९ | श्री नगेन्द्र राई | कार्यपालिका सदस्य | ८ | |
| २० | श्री गीता परियार | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारी | | | | |
| १ | श्री हेमचन्द्र रोईला | लेखा अधिकृत आठौं | | |
| २ | श्री शेखर गौतम | कम्प्युटर अपरेटर | | |



CamScanner

बैठक संख्याः १५।२०८१
बैठक मितिः २०८१।९।११ गते, समयः बिहान ८:०० बजे
स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु :**

१. प्रस्ताव नं. १ : पन्ध्रौं नगर सभा अधिवेशन वैठक सम्बन्धमा ।

२. प्रस्ताव नं. २ : कार्यक्रम तथा योजनाहरु र वजेट संशोधन सम्बन्धमा ।

३. प्रस्ताव नं. ३ : प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ योजना छनौट र संचालन सम्बन्धमा ।

४. प्रस्ताव नं. ४ : LISA को प्रासाङ्ग स्वीकृति एवं नतिजा सार्वजनिकीकरण सम्वन्धमा ।

५. प्रस्ताव नं. ५ : ठेक्का लगाईएका योजनाहरुको जानकारी र अनुमोदन सम्वन्धमा ।

६. प्रस्ताव नं. ६ : गत आ.व.२०८०।०८१ को भुक्तानी वाँकी सम्वन्धमा ।

७. प्रस्ताव नं. ७ : विद्युतीय चुलो प्रवर्द्धनको अनुमति प्रदान सम्वन्धमा ।

८. प्रस्ताव नं. ८ : भेडेटार फुड फेस्टिवललाई सहयोग सम्वन्धमा ।

९. प्रस्ताव नं. ९ : तमु ल्होसार पर्व कार्यक्रम सहयोग सम्वन्धमा ।

१०. प्रस्ताव नं. १० : आर्थिक सहायता उपलव्ध गराउने सम्वन्धमा ।

११. प्रस्ताव नं. ११ : सा.सु. भत्ता पाउने असक्त अपाङ्गता भएका लाभग्राहीको राष्ट्रिय परिचयपत्र वनाउने सम्वन्धमा ।

१२. प्रस्ताव नं. १२ : रकम भुक्तानी सम्वन्धमा ।

१३. प्रस्ताव नं. १३ : नमूना विद्यालयको कार्यक्रम सञ्चालन गर्न स्वीकृती प्रदान सम्बन्धमा ।

१४. प्रस्ताव नं. १४ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रको जानकारी सम्बन्धमा ।

१५. प्रस्ताव नं. १५ : जलदेवी सिमसार पार्क निर्माण तथा संरक्षण कार्यको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार काठमाडौंले व्यहोर्नुपर्ने साझेदारी बापतको रकम माग सम्बन्धमा ।

१६. प्रस्ताव नं. १६ : प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको रिक्त दरबन्दी पदपुर्ती सम्बन्धमा ।

१७. प्रस्ताव नं. १७ : पशु सेवा कार्यालय सञ्चालन सम्बन्धमा ।

१८. प्रस्ताव नं. १८ : साविकको इलाका हुलाक कार्यालय भत्काउने सम्बन्धमा ।



CamScanner

बैठक संख्याः १५।२०८१
बैठक मितिः २०८१।९।११ गते, समयः बिहान ८:०० बजे
स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

निर्णयहरु

निर्णय नं. १

पाख्रीवास नगरपालिकाको पन्ध्रौं नगर सभा अधिवेशन वैठक मिति २०८१।९।२९ गते, सोमवार, विहान ११:०० वजे पाख्रीवास नगर कार्यपालिकाको कार्यालयको सभाहलमा वस्ने निर्णय गरियो ।

निर्णय नं. २

पाख्रीवास नगरपालिकाको चौधौं नगर सभा अधिवेशन वैठकवाट चालु आ.व.२०८१।०८२ को लागि पारित भएका संघीय सरकार, प्रदेश सरकारवाट प्राप्त निशर्त अनुदान तर्फ र आन्तरिक आय तर्फवाट वजेट विनियोजन भएका कार्यक्रम तथा योजनाहरु र वजेट लगायतको विषयमा संशोधन गर्न मिति २०८१।९।२९ गते हुने पन्ध्रौ नगर सभा अधिवेशन वैठक समक्ष पेश गर्न आवश्यक भएमा वडास्तरीय कार्यक्रम/योजनाको हकमा वडा समितिको निर्णय सहित मिति २०८१।९।१८ गते भित्र नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

पाख्रीवास नगरपालिकाको लागि चालु आ.व.२०८१।०८२ मा संघीय सशर्त अनुदान अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन (रोजगार आयोजना) को लागि वजेट रु.४६,५२,०००।– र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अनुरुपको सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन (४० दिने कार्यस्थलमा आधारित सीप तालिम र १० दिने जीवन उपयोगी तालिम) को लागि वजेट रु.९,००,०००।- प्राप्त भएकोमा रोजगार आयोजना संचालनको लागि सवै वडाहरुले तपसिल वमोजिमको वडागत वजेट एवं सूचीकृत वेरोजगार व्यक्तिहरुको संख्याको आधारमा वडास्तरमा संचालन गर्ने रोजगार आयोजनाको विवरण वडा समितिको निर्णय सहित नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने र आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

तपसिल

| वडा नं. | रोजगार सिर्जना हुने व्यक्तिको संख्या | वजेट रु. |
|---|---|---|
| १ | ८ | ५४३००० |
| २ | १९ | १२६९२०० |
| ३ | ४ | २६७२०० |

| | | |
|---|---|---|
| ४ | ४ | २६७२०० |
| ५ | ६ | ४००८०० |
| ६ | ७ | ४६७६०० |
| ७ | २ | १३३६०० |
| ८ | २ | १३३६०० |
| ९ | १५ | १००२००० |
| १० | २ | १३३६०० |
| जम्मा | ६९ | ४६१७८०० |

**निर्णय नं. ४**

पाख्रीबास नगरपालिकाको आ.व. २०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन, Local Government Institutional Capacity Self-Assessment (LISA) को सम्बन्धमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम पाख्रीबास नगरपालिकाको कार्यालयवाट स्वमूल्यांकन गर्दा प्राप्त गरेको ८२% अंक जिल्ला समन्वय समिति, धनकुटामा पृष्ठपोषणको लागि पठाईएकोमा जिल्ला समन्वय समितिको कार्यालय, धनकुटावाट ४ वटा बुँदामा पृष्ठपोषण प्राप्त हुन आएकोले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अन्तिम गुणस्तर परीक्षण गरे पश्चात मात्र अन्तिम प्राप्ताङ्क एकिन हुने भएकोले हाललाई स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन, Local Government Institutional Capacity Self-Assessment (LISA) मा ८२% अंक प्राप्त गरेको व्यहोरा बैठक समक्ष जानकारी भई स्वीकृत गरियो , उक्त नतिजाको सार्वजनिकीकरण गरी अनुमोदनका लागि पन्ध्रौ नगरसभा अधिवेशन बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

पाख्रीबास नगरपालिकाको चालु आ.व.२०८१।०८२ मा स्वीकृत कार्यक्रम वमोजिम पहिलो चरणमा ठेक्का आव्हान भएका तपसिलका योजनाहरुको ठेक्का स्वीकृत भई योजना कार्यान्वयन अगाडि वढेको विषय वैठक समक्ष जानकारी भई अनुमोदन गरियो ।

CamScanner

बैठक संख्याः १५।२०८१

बैठक मितिः २०८१।९।११ गते, समयः बिहान ८:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**तपसिल**

| S.N. | Project Name | Estimated (Inc VAT & Contingency) Amount NRs. | Contracted Amount NRs. Inc VAT | Contractor's name |
|---|---|---|---|---|
| 1 | Singhadevi chowk- Muga khola- Uttarpani- Manshichautara- Road Upgrading Project.Ward No 3, 9 & 10 | 24,997,641.25 | 19,516,784.76 | Aananda/ Saiman JV, Dharan |
| 2 | Pakhribas- Manesalleri & Belgairi- Fawakhola Road Upgrading Project Ward No 4, 2 & 1 | 12,998,876.17 | 8,926,235.54 | Kaushiki Nirman Sewa Plt. Ltd., Chabahil 7, Kathmandu |
| 3 | Construction of Shree Jalpadevi Namuna School 3- CAN Building Ward No 4 | 9,997,621.96 | 7,292,274.12 | Mangwarak Construction Company Pvt. Ltd., Dharan-8 |
| 4 | Construction of Uttarpani-Balshiksha-Gambhire-Raighat Garmin Sadak Staronnati Yojana Ward No 9 | 12,999,924.17 | 8,523,140.16 | Suban Group of Construction and Suppliers Pvt .Ltd, Dhankuta-5 |
| 5 | Construction of Health Post in Pakhribas Ward No. 6 | 13,482,911.54 | 8,779,811.20 | Ishor Nirman Sewa, Pokharichaunari-2, |
| | **Total** | **74,476,975.09** | **53,038,245.78** | |

**निर्णय नं. ६**

पाख्रीवास नगरपालिकावाट आ.व.२०८०।०८१ मा विभिन्न कार्यहरु संचालन गरी सम्वन्धित व्यक्ति एवं व्यावसायीहरुलाई भुक्तानी दिन वाँकी भएको र भुक्तानी वाँकीको लागि वजेट व्यवस्था नभई तत्कालिन प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतवाट भुक्तानी वाँकीको म.ले.प. प्रतिवेदन तयार गरी पेश हुन आएको विषय बैठक समक्ष जानकारी भयो ।

**निर्णय नं. ७**

नामसालिङ्ग सामुदायिक विकास केन्द्र (NCDC) माईजोगमाई-३, नामसालिङ्ग, ईलामको च.नं.१४ मिति २०८१।४।२९ गतेको पत्रवाट पाख्रीवास नगरपालिका अन्तर्गत वसोवास गर्ने घरपरिवारको लागि विद्युतीय चुलो प्रवर्द्धन कार्यक्रम संचालन गर्न सहमति उपलव्ध गराई दिन अनुरोध भई आएकोले सो कार्यको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

धनकुटा जिल्ला स्थित साँगुरीगढी गाँउपालिका अन्तर्गतको भेडेटारमा होटल एशोसिएसन भेडेटारको आयोजनामा मिति २०८१ पौष १६ देखि १८ गतेसम्म संचालन गरिने वाहौं

बैठक संख्याः १५।२०८१

बैठक मितिः २०८१।९।११ गते, समयः बिहान ८:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

भेडेटार फुड फेस्टिवललाई आर्थिक सहयोग गरी दिन होटल एशोसिएसन भेडेटारको पत्रवाट अनुरोध भई आएकोले चालु आ.व.२०८१।०८२ को खेलकुद मेला महोत्सव धार्मिक तथा विभिन्न सांस्कृतिक कार्यक्रम शिर्षकमा विनियोजित वजेट मध्येवाट रु.३०,०००।– (तीस हजार) आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

पाख्रीवास नगरपालिका स्थित गुरुङ समुदायहरुले पौष १४ र १५ गते मनाउने तमु ल्होसार पर्व कार्यक्रमको लागि आर्थिक सहयोग गरी दिन नेपाल वौद्ध गुम्वा विकास समाज, पाख्रोवास-४ को पत्रवाट अनुरोध भई आएकोले चालु आ.व.२०८१।०८२ को खेलकुद मेला महोत्सव धार्मिक तथा विभिन्न सांस्कृतिक कार्यक्रम शिर्षकमा विनियोजित वजेट मध्येवाट रु.१,००,०००।– (एक लाख रुपैयाँ) आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**

पाख्रीवास नगरपालिका अन्तर्गतका विभिन्न व्यक्ति/संस्थाहरुवाट सम्वन्धित वडाको सिफारिससाथ आर्थिक सहायता उपलव्ध गराई दिन अनुरोध भई आएकोमा आवश्यक तयारी गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

पाख्रीवास नगरपालिका अन्तर्गतका सामाजिक सुरक्षा भत्ता पाउने अत्यन्त वृद्ध-वृद्धा, अशक्त र अपाङ्गता भएका लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्र नगरपालिका मार्फत नै उपलब्ध गराउने व्यवस्था गर्नको लागि जिल्ला प्रशासन कार्यालय धनकुटालाई अनुरोध गर्ने निर्णय गरियो । साथै नगरपालिकाबाट राष्ट्रिय परिचय पत्र बनाउन नसकिने अवस्था भएमा जिल्ला प्रशासन कार्यालय, धनकुटासम्म जाने-आउने प्रवन्धको लागि भाडाको सवारी साधनको व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

पाख्रीवास नगरपालिका, ३ नं. वडा कार्यालयको च.नं. ४२५ मिति २०८१।८।१६ गतेको पत्रावाट प्रगतिशिल युथ क्लब पाख्रीबास-३ ले २०८१ सालको देउसी भैलो कार्यक्रम संचालन गरे वापत चालु आ.व.२०८१।०८२ मा सोही वडास्तरीय कार्यालय व्यवस्थापन, भैपरी तथा आर्थिक सहायता शिर्षकमा विनियोजित वजेट रु.७,००,०००।– मध्येवाट रु.५०,०००।- सम्वन्धित संस्थालाई भुक्तानी गरी दिन अनुरोध भई आएकोले सो रकम भुक्तानी दिने निर्णय गरियो ।

६/८

बैठक संख्याः १५।२०८१

बैठक मितिः २०८१।९।११ गते, समयः बिहान ८:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. १३**

चालु आर्थिक बर्ष २०८१।०८२ मा संघीय सशर्त अनुदान तर्फ नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय विकास कार्यक्रमको लागि प्राप्त भएको बजेट रु.३०,००,०००।– बाट पाखीबास नगरपालिका अन्तर्गत वडा नं. ४ स्थित श्री जालपादेवी माध्यमिक विद्यालयलाई नमूना विद्यालयका रूपमा विकास गर्न उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णय सहित च.नं. १८८, मिति २०८१।९।१० गतेको प्राप्त पत्रबाट अनुरोध भई आएकोले सो विद्यालयको स्वीकृत गुरुयोजना बमोजिमका पेश हुन आएका तपसिलका कार्यक्रमहरु सञ्चालन गर्नको लागि स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजना | सङ्ख्या | अनुमानित लागत |
|---|---|---|---|
| १ | मन्टेश्वरी तालिम संचालन | १ | रू.१,५०,०००/- |
| २ | बुक र्याक निर्माण | २४ थान | रू.३,००,०००/- |
| ३ | स्मार्ट बोर्ड खरीद | ३ थान | रू.६,६०,०००/- |
| ४ | ल्यापटप खरीद | ५ थान | रू.३,४०,०००/- |
| ५ | विज्ञान प्रयोगशाला व्यवस्थापन | १ | रू.८,००,०००/- |
| ६ | स्पिकर सेट जडान | २४ कोठामा | रू.६,५०,०००/- |
| ७ | ह्वाइट बोर्ड खरीद | १५ थान | रू.१,००,०००/- |

**निर्णय नं. १४**

सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौंको च.नं. १३०, मिति २०८१।८।७ गतेको पत्रसाथ प्राप्त भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल, काठमाडौंको च.नं. २३६४८, मिति २०८१।८।४ गतेको सुझाव कार्यान्वयन सम्बन्धी पत्र बैठक समक्ष जानकारी भयो ।

**निर्णय नं. १५**

पाखीबास न.पा. वडा नं. ७ र ८ मा अवस्थित जलदेवी सिमसार पार्क निर्माण तथा संरक्षण कार्य (ठेक्का नं. PKBSMUN/NCB/WORKS/2077/078-10) सम्बन्धी निर्माण कार्य गर्न मिति २०७८/०३/१५ गते यस नगरपालिका र दिवा शंकर त्रिशक्ती जे.भि. ललितपुर बीच सम्झौता भएको । सम्झौता बमोजिम मिति २०८०/०३/१४ गते भित्रमा कार्य सम्पन्न गर्नुहुन भनि कायदिश दिईएको तर निर्माण व्यवसायीले Covid-19 तथा आवधिक निर्वाचन लगायत विभिन्न कारणहरुले गर्दा पूर्व निर्धारित समय सिमा भित्र निर्माण कार्य सम्पन्न गर्न नसकेको हुनाले ६



CamScanner

महिना म्याद थप गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश भए बमोजिम २०८० पौष मसान्त सम्म पहिलो तथा अन्तिम पटक म्याद थप गरेको । यसरी थपिएको म्याद भित्र नै सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न भई सकेको हुनाले निर्माण व्यवसायीले पेश गरेको अन्तिम बिल अनुसारको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार काठमाडौंले व्यहोर्नुपर्ने साझेदारी बापतको रकम यस नगरपालिकाको आन्तरिक स्रोतवाट सम्बन्धित निर्माण व्यवसायीलाई रु.४३,१९,७४३।५८ पैसा भुक्तानी समेत दिईसकेको हुँदा उक्त साझेदारी बापतको रकम रु.४३,१९,७४३।५८ पैसा हाल सम्म प्राप्त नभएको हुनाले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार काठमाडौंमा रकम सोधभर्ना उपलब्ध गराईदिन अनुरोध गरी पठाउने निर्णय गरियो ।

<u>निर्णय नं. १६</u>

पाखीवास नगरपालिका अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रिक्त रहेका दरवन्दीहरुको पदपुर्ती गर्नको लागि प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णय नं. १७</u>

पाखीवास नगरपालिका अन्तर्गत वडा नं. १० मा हाल खाली रहेको साविकको स्वास्थ्य चौकी भवनमा पशु सेवा कार्यालय सञ्चालन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १८</u>

पाखीबास नगरपालिका वडा नं. ४ स्थित पाखीबास बजार हुँदै फलाँटे जाने सडक विस्तारको क्रममा साविकमा इलाका हुलाक कार्यालय सञ्चालन रहेको पुरानो भवन भत्काउनको लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।



CamScanner